# <u>तमानखोला गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम</u>

**गाउँसभाका सदस्यज्यूहरु,**

- सर्वप्रथम तमानखोला गाउँपालिकाको गाउँसभाको यस गरिमामय अधिवेशनमा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मी र सुरक्षाकर्मी मित्रहरूलाई हार्दिक स्वागत गर्दछु।
- नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै स्थानीय तहको दोस्रो निर्वाचनबाट जननिर्वाचित प्रतिनिधिका रूपमा तमानखोला गाउँपालिकाको गाउँसभाको यस अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव र खुशीको अनुभूति गरेको छु।
- यस ऐतिहासिक एवं महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, लोकतन्त्रको सुदृढीकरण, सुशासन, सामाजिक न्याय तथा समृद्ध नेपालको निर्माणका लागि भएका विभिन्न राजनीतिक आन्दोलन, जनआन्दोलन तथा परिवर्तनका अभियानहरू र वि.सं. २०८२ भदौ महिनामा भएको जेन जि (GEN-Z) आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, आन्दोलनका क्रममा घाइते, बेपत्ता तथा अङ्गभङ्ग हुनुभएका व्यक्तिहरूप्रति उच्च सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्यलाभको कामना सहित हार्दिक अभिनन्दन प्रकट गर्दछु। सशस्त्र संघर्षको क्रममा सरकार पक्षबाट मारिएका तमानखोला गाउँपालिका वडा नं. ३, तमानका दुर्गा बहादुर बुढा, प्रेम बहादुर घर्ती र ओमकार बुढा, तमानखोला गाउँपालिका वडा नं. २ का गंगा बहादुर पुन, गोरी वि.क., प्रेमला वि.क. र दिलमाया वि.क. प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै वेपत्ता परिवारको तत्काल सार्वजनिक गर्न नेपाल सरकार समक्ष अनुरोध गर्दछु ।
- नेपालको शासकीय सुधारको सन्दर्भमा विभिन्न कालखण्डमा भएका जनआन्दोलन, सशस्त्र संघर्ष तथा पछिल्लो समयमा भएको जेनजी (GEN-Z) आन्दोलन समेतको मर्मलाई बुझेर तिनै तहका सरकारले आफ्ना नीति तथा कार्यक्रम तर्जुमा गर्दा जनताको बढ्दो आधुनिक, प्रविधिमैत्री, नवप्रवर्तनकारी, निष्पक्ष, भष्ट्राचारमुक्त, तीव्र र प्रभावकारी विकास निर्माण तथा वास्तविक सुशासनको अनुभूति जस्ता विषयलाई प्राथमिकताका साथ समेट्नुपर्ने आजको आवश्यकता रहेको छ ।

- **"सुखि र समान, समुन्नत तमान"** को दीर्घकालीन सोच राखेको तमानखोला गाउँपालिकाको आ.व. २०८३।८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षहरुलाई मुख्य आधारको रुपमा अवलम्बन गरेको छु ।
  - नेपालको संविधानमा उल्लिखित मौलिक हक, अनुसूची, निर्देशक सिद्धान्तहरु
  - स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
  - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
  - स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,

- नेपाल सरकार र गण्डकी प्रदेश सरकारले अवलम्वन गरेका क्षेत्रगत रणनीति, कार्यनीति र नीतिहरु,
- दिगो विकासका लक्ष्य र नेपाल सरकारले स्वीकार गरेका सूचकहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन एवम् सिफारिस,
- राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- श्रोत तथा सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- सोह्रौं आवधिक योजना तथा गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना,
- गाउँपालिकाको दोस्रो आवधिक योजना,
- स्थानीय अवस्था तथा आवश्यकता ।

- मुलुकमा संघीयता, लोकतन्त्र र गणतन्त्र अवलम्बन भए पश्चात जनताका हरेक किसिमका सुख र दुखमा स्थानीय सरकार सधैं संगै रहँदै आएको छ । संविधान र कानुनको परिधि भित्र रही नागरिकका अपेक्षा र आवश्यकता सम्बोधन गर्ने जिम्मेवारी पुरा गर्ने सन्दर्भमा तमानखोला गाउँपालिका थप गहन र सशक्त ढंगले लागिपरेको छ।साथै नागरिकमैत्री सेवाको अवधारणालाई आम नागरिकले अनुभूत गर्ने गरी गाउँपालिका कार्यसम्पादनमा सक्रिय र जिम्मेवार रहेको छ ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीबाट प्राप्त उपलब्धि र अवसरहरू समाजका सबै वर्ग, क्षेत्र र समुदायसम्म समान रूपमा पुऱ्याई समावेशी विकास र समृद्धिको अनुभूति दिलाउनु हाम्रो साझा दायित्व हो। वर्तमान संविधान तथा प्रचलित कानूनले प्रत्याभूत गरेका नागरिकका मौलिक हक, अधिकार तथा स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन गर्दै राज्यप्रति नागरिक र नागरिकप्रति राज्यको उत्तरदायित्वलाई थप सुदृढ गर्नुपर्नेछ। संविधान र कानूनले निर्दिष्ट गरेका काम, कर्तव्य तथा दायित्वहरू इमान्दार, पारदर्शी र जवाफदेही ढंगले सम्पादन गर्न गाउँपालिका पूर्ण रूपमा प्रतिबद्ध रहेको विश्वास दिलाउन चाहन्छु।

**गाउँसभा सदस्यज्यूहरु,**

अब म यस सम्मानित सभा समक्ष चालु आ.व. २०८२।०८३ मा हालसम्म हासिल भएका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण देहाय बमोजिम प्रस्तुत गर्दछु ।

१. वर्षातको कारणले गाउँपालिका क्षेत्रभित्र भएका खोलाहरुमा पानीको मात्रा अत्याधिक हुन गई सडक सञ्जाल अवरुद्ध हुने समस्या समाधान गरी बाह्रै महिना सडक यातायात सञ्चालन गर्ने उदेश्यले गाउँपालिकाका विभिन्न ६ स्थान (घट्टबोट, नुन्थला, सिङ्खोला, सेर्माघाट, पात्ले असारेघाट, पात्ले खानीखोला) मा कल्भर्ट निर्माण कार्य सम्पन्न गरिएको छ । यसबाट नागरिकको सडक यातायातमा पहुँच सुनिश्चित गर्न सहयोग पुगेको छ ।

२. बोंगादोभान-बोंगाखानी-ढोरपाटन सडक स्तरोन्नती कार्य भईरहेको छ । यसबाट बोंगाखानी, पहिरा, सेन्नामा, हिजा र स्याउला लगायत वडा नं. १ र २ का नागरिकलाई सुरक्षित यातायातमा सहजता र सुविधा हुनेछ ।
३. गाउँपालिकाको वडा नं. १ मा सञ्चालित जनता आधाभूत विद्यालयको भवन निर्माण सम्पन्न भएको छ । यससंगै गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा आधारभूत भौतिक संरचना निर्माण सम्पन्न भएको छ ।
४. गाउँपालिकाको प्रशासकीय भवन र ३ नं. वडा कार्यालयको भवन निर्माण सम्पन्न भएको छ । साथै, ६ नं. वडा कार्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।यसबाट सेवाग्राहीले सेवा पाउन र कार्यालयलाई सेवा प्रवाह गर्न सहजता हुनेछ ।
५. नागरिकको पैदल यात्रालाई सुरक्षित बनाउन गाउँपालिकाका विभिन्न स्थानहरुमा प्राथमिकताकासाथ रेलिङ र सिँढीसहितको पदमार्ग निर्माण गरिएको छ ।
६. हल गोरु पालेर खेतिपातीमा निरन्तरता दिने २६२ जना किसानलाई प्रोत्साहन स्वरुप रु. ५००० का दरले अनुदान वितरण गरिएको छ ।
७. घुम्तिगोठ पशुपालक कृषकहरुमध्ये यस आ.व. मा ३० जनालाई सोलार सेट र ७० जनालाई त्रिपला वितरण गरिएको छ ।
८. कृषिमा आधुनिकीकरण तथा यान्त्रीकरण प्रवर्द्धन गर्दै उत्पादन लागत न्यूनीकरणका लागि गाउँपालिकाका विभिन्न कृषकलाई ५० प्रतिशत अनुदानमा ५ वटा कम्बाइन मिल, १ थान मिनीटिलर तथा १,७७६ मिटर पाइप अनुदानमा वितरण गरिएको छ।
९. कृषकहरूको संस्थागत विकास तथा जैविक कृषि प्रविधिको प्रवर्द्धन गर्ने उद्देश्यले सेतारा, थास्पुरी, खुंखानी र रिक्लाङ क्षेत्रमा ४ वटा कृषक समूह गठन गरी समूहका ८८ सदस्यहरूलाई जैविक विषादी निर्माण, प्रयोग विधि तथा जैविक खेती प्रविधिबारे सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको छ ।
१०.गाउँपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउने उदेश्यले गाउँपालिकाको मौजुदा दरबन्दीमा थपघट गरी आवश्यकतामा आधारित बनाउनको लागि कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरिएको छ ।
११.गाउँपालिकाको सेवा प्रवाहलाई अझ प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाउन र वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमामा कार्यकुशलता अभिवृद्धि गर्ने उदेश्यले जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।
१२.२०८६ जना सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नवीकरण गरिएकोमा बागलुङ, पोखरा, भैरहवा र काठमाण्डौमा घुम्ति सेवा सञ्चालन गरेर १८६ जनाको सामाजिक सुरक्षा भत्ता नवीकरण गरिएको छ ।
१३.महिला उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत १० जनालाई सिलाई कटाई सम्बन्धी सीप विकास तालिम, १० जनालाई बुटिक सम्बन्धी सीप विकास तालिम र १० जनालाई टनेल खेति सम्बन्धी तालिम सञ्चालन गरिएको छ । अपाङ्गता जीविकोपार्जन कार्यक्रम अन्तर्गत

"ग" र "घ" वर्गको अपाङ्गता भएका ४ जना व्यक्तिहरुलाई १५ दिनको मुडा बनाउने तालिम सम्पन्न भएको छ ।

१४.तमानखोला गाउँपालिकामा रहेका प्राकृतिक, धार्मिक र सांस्कृतिक गन्तव्यहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने उदेश्यले पर्यटन प्रवर्द्धन गोष्ठी सञ्चालन गरिएको छ ।

१५.गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत तमानखोला गाउँपालिका वडा नं.१ थ्रिबाङमा १६ जना लाई मुढा बनाउने सम्बन्धी १५ दिने प्राविधिक सीप विकास तालिम, वडा नं. ५ को थासपुरीमा २२ जनालाई मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी ३ दिने प्राविधिक सीप विकास तालिम सञ्चालन गरीएको छ । नयाँ उद्यमीका लागि उद्यमशीलता विकास तालिम र पुराना उद्यमीहरुका लागि एड्भान्स सीप विकास तालिम सञ्चालन गरी प्रविधि हस्तान्तरण गरिएको छ ।

१६.चालु आ.व. २०८२/०८३ मा आन्तरिक राजस्व संकलनमा रु. ३८ लाख अनुमान गरिएकोमा मिति २०८३/०३/०७ गतेसम्म रु. ३० लाख ४८ हजार ८ सय ५८ रुपैंया ५१ पैसा अर्थात ८०.२३ प्रतिशत राजस्व संकलन भएको छ ।

१७.गाउँपालिकाबाट हुने सेवाप्रवाह प्रभावकारी बनाउन र सुशासन, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्नका लागि चालु आ.व. मा जम्मा १७ वटा कानुनहरु निर्माण तथा संशोधन गरिएकोमा हालसम्म जम्मा ९५ वटा कानुन निर्माण गरी कार्यान्वयन भईरहेका छन् ।

१८.खेलकुद क्षेत्रको प्रवर्द्धन गर्दै विद्यालयमा अध्ययनरत विद्यार्थी तथा युवाहरुको खेलकुद प्रतिभा प्रस्फुटन गर्ने उदेश्यले तमानखोला गाउँपालिका कप सञ्चालान गरिएको छ । उक्त खेलकुद कार्यक्रममा ८ वटा प्रतियोगिता सञ्चालन भएकोमा गाउँपालिकामा सञ्चालनमा रहेका १७ विद्यालय र २३८ जना खेलाडीको सहभागिता रहेको थियो ।

१९.बालबालिकाहरुको प्रतिभा प्रष्फुटन गर्ने र एक आपसमा प्रतिष्पर्धाको वातावरण सिर्जना गर्ने उदेश्यले सञ्चालन गरिएको विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रममा विभिन्न ५ वटा विधामा ३०३ जना विद्यार्थहरुबीच प्रतिष्पर्धा गराईएको छ ।

२०.विद्यालयमा प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रवर्द्धन गर्ने उदेश्यले तमानखोला गाउँपालिकाको वडा नं. २ मा रहेको बुद्ध आधारभूत विद्यालयमा भर्चुअल शिक्षण, इ-लर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशाला व्यवस्थापन सम्बन्धी कार्य अन्तिम चरणमा रहेको छ ।

**सभाका सदस्यज्यूहरु,**

बागलुङ जिल्लाको उत्तर पश्चिम भागमा अवस्थित यस गाउँपालिकालाई विकास, सुशासन र समृद्ध बनाउन लिएका संकल्पहरु र प्रतिवद्धताहरु कार्यान्वयन गर्ने अहम जिम्मेवारी र दायित्व हाम्रो सामु रहेको छ । नेपालको सोह्रौं पञ्चवर्षिय योजनाको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को सोच, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनाको **"समुन्नत प्रदेश, सुखी प्रदेश बासी"** को सोच

र तमानखोला गाउँपालिकाको **“सुखी र समान, समुन्नत तमान”** को दीर्घकालीन सोच पुरा गर्न, आर्थिक समृद्धि, सामाजिक न्याय, गरिबी निवारण, रोजगारी सिर्जना, उद्यमशिलता विकास र पुनर्निमाण मार्फत स्थानीय आवश्यकताका आधारमा गाउँपालिकाको विकास, सुशासन र समुन्नतिमा जोड दिदै गाउँपालिकाले आगामी आ.व. २०८३।०८४ मा लिने क्षेत्रगत नीति तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गर्दछु ।

१. **"गुणस्तरीय विद्यालय शिक्षा, तमानखोलाको प्रतिज्ञा"** बमोजिम विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शैक्षिक तालिम तथा सामग्री व्यवस्थापन, निरन्तर शैक्षिक अनुगमन, सिकाइ उपलब्धिमा सुधार, प्रविधिमैत्री शिक्षण प्रणाली तथा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरी प्रतिस्पर्धी, सीपयुक्त र सक्षम जनशक्ति उत्पादनमा जोड दिइनेछ।

२. **"जेहेन्दारलाई कदर, शिक्षामा अवसर"** को भावना सहित आर्थिक रूपमा विपन्न तर जेहेन्दार तथा प्रतिभाशाली विद्यार्थीहरूको शिक्षामा पहुँच सुनिश्चित गर्न आवश्यक शैक्षिक सहयोग तथा छात्रवृत्ति प्रदान गरी प्रोत्साहन गरिनेछ। छात्रवृत्ति प्रदान गर्दा दलित समुदायका बालबालिकालाई विशेष प्राथमिकता दिइनेछ ।

३. विद्यालयको संस्थागत विकास, शैक्षिक व्यवस्थापन, नियमित समीक्षा, प्रधानाध्यापक बैठक, परीक्षा व्यवस्थापन तथा विद्यालय सुधार योजनाको प्रभावकारी कार्यान्वयनमार्फत उत्तरदायी र गुणस्तरीय शैक्षिक वातावरण निर्माण गरिनेछ।

४. युवाहरूको सिर्जनशीलता, नवप्रवर्तन क्षमता, सीप, नेतृत्व तथा उद्यमशीलतालाई प्रोत्साहन गर्न **"तमानखोला युवा नवप्रवर्तन कार्यक्रम"** सञ्चालन गरिनेछ। साथै सामाजिक, आर्थिक तथा रचनात्मक गतिविधिमा युवाहरूको सहभागिता अभिवृद्धि गरिनेछ।

५. **खेल प्रतिभाको प्रष्फुटन मार्फत खेलकुदको प्रवर्द्धन** गर्ने उदेश्यले तमानखोला गाउँपालिका खेल (तारा खेल) र गाउँपालिका कप कार्यक्रमलाई निरन्तरता दिई विद्यालयभित्र तथा विद्यालय बाहिर रहेका सम्पूर्ण खेलाडीहरुलाई खेलकुदमा प्रोत्साहन गरिनेछ ।

६. बालबालिका तथा किशोर किशोरीहरूको सर्वाङ्गीण विकासका लागि करियर परामर्श, जीवनोपयोगी शिक्षा, किशोरी शिक्षा, स्वास्थ्य सचेतना तथा बालमैत्री सिकाइ वातावरण निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ।

७. खेलकुद क्षेत्रको प्रवर्द्धन गरी खेल क्षेत्रबाट गाउँपालिकाको पहिचान बढाउनको लागि आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नती गरिनेछ ।

८. वस्तुगत सूचकका आधारमा विद्यालयको अनुगमन, मूल्यांकन र सत्यापन गरी आवश्यकता र औचित्यका आधारमा सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान तथा कक्षा थप/घट र विद्यालय मर्जको नीति अवलम्बन गरिनेछ ।

९. विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, गाउँपालिका शिक्षक, गाउँपालिका कम्प्यूटर शिक्षक, विद्यालय सहयोगी र लेखापालहरुलाई गाउँपालिकाले उपलब्ध गराउने तलबभत्ता र थप तलबभत्ताको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. उच्च शिक्षा अध्ययन गर्ने विपन्न परिवारका विद्यार्थीहरुका लागि छात्रवृत्ति सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**सभाका सदस्यज्यूहरु,**

११. प्रत्येक नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्दै स्वास्थ्य संस्थाहरूको सेवा विस्तार, गुणस्तर अभिवृद्धि, स्वास्थ्य सूचना प्रणालीको डिजिटलाईजेसन तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापनमार्फत नागरिकमैत्री स्वास्थ्य प्रणालीको विकास गरिनेछ।

१२. **"मातृ तथा नवशिशु स्वास्थ्यका लागि पूर्ण संस्थागत सुत्केरी सुनिश्चितता,हाम्रो प्रतिबद्धता"** भन्ने नारालाई सार्थक बनाउन तमानखोला गाउँपालिकामा घरमा हुने सुत्केरीलाई शून्य गरी  पूर्ण संस्थागत सुत्केरी सुनिश्चित गरिनेछ। निशुल्क मातृ तथा नवशिशु प्रेषणलाई निरन्तरता दिइनेछ । बहुक्षेत्रीय पोषण योजनाको सिद्धान्त बमोजिम हरेक विषयगत नीतिहरुमा स्वास्थ्यलाई केन्द्रमा राख्ने नीति अवलम्बन गरिनेछ । पोषणमैत्री समाज निर्माणका लागि गाउँपालिकामा रहेका सबै स्वास्थ्य संस्था पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरी पोषण मैत्री वडा र गाउँपालिका घोषणाका लागि आवश्यक तयारी गरिनेछ।

१३. **स्वस्थ नागरिक निर्माणका लागि  दीर्घरोगको रोकथाम र नियन्त्रण** गर्ने अभिप्रायले उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मिर्गौला लगायत नसर्ने रोगहरूको समयमै पहिचान र रोकथाम गरिनेछ। महामारीजन्य तथा जलवायु संवेदनशील रोगहरुको एकीकृत निगरानी तथा प्रतिकार्यका लागि तयारी तथा समन्वय गरिनेछ। साथै जनस्वास्थ्य क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गरिनेछ।

१४. स्वास्थ्य बीमामा नागरिकको पहुँच र सहभागिता विस्तार गरिनेछ। छारेरोग, दीर्घ तथा कडा रोगका बिरामीलाई औषधी उपचार सहायता तथा तोकिएका लक्षित व्यक्तिहरुको निशुल्क स्वास्थ्य बीमा र  स्वयंसेविकाहरूको निशुल्क स्वास्थ्य बीमा र सम्मानजनक विदाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. नेपाल गाजा डेभलप्मेन्ट फाउन्डेसन बागलुङ र फेयरमेड फाउण्डेसन नेपालको साझेदारीमा सञ्चालित सम्बोधन परियोजनासंगको समन्वय तथा सहकार्यमा तमानखोला गाउँपालिकाका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको स्वास्थ्यसंग सम्बन्धित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। उक्त परियोजनामार्फत स्वास्थ्य संस्थाको सेवाप्रवाह क्षमता समेत अभिवृद्धि गरिनेछ ।

१६. **आयुर्वेदको प्रवर्द्धन गरी  स्वस्थ समाज निर्माण** का लागि आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, ध्यान तथा मनोसामाजिक परामर्श सेवा सञ्चालन गरिनेछ। सुरक्षित खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन तथा वातावरणीय स्वास्थ्य प्रवर्द्धनमार्फत स्वस्थ र स्वच्छ समुदाय निर्माण गरिनेछ। साथै अन्तरपालिका समन्वयमा दिगो फोहोरमैला व्यवस्थापन प्रणाली विकास गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

१७. **शुद्ध पानी र स्वस्थ बानी नै समृद्ध जीवनको निशानी** भएकोले गाउँपालिकाभित्रका सबै नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी सेवामा पहुँच सुनिश्चित गर्न खानेपानी आयोजना निर्माण, स्तरोन्नति, मर्मत सम्भार, स्रोत संरक्षण तथा प्रभावकारी व्यवस्थापनलाई प्राथमिकता दिइनेछ। साथै खानेपानी स्रोतहरूको संरक्षण, संवर्द्धन तथा दिगो उपयोगमार्फत वर्तमान र भावी पुस्ताका लागि सुरक्षित खानेपानी उपलब्ध गराइनेछ।

१८. खानेपानीको नियमित गुणस्तर परीक्षण तथा निगरानी गर्दै स्वच्छ पानीको सुरक्षित उपभोग सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ। साथै विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलहरूमा सरसफाइ, स्वच्छता तथा स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी स्वस्थ जीवनशैलीको विकास गरिनेछ।

१९. खानेपानी तथा सरसफाइ सम्बन्धी योजनाहरूको सञ्चालन, मर्मत सम्भार तथा व्यवस्थापनमा सम्बन्धित उपभोक्ता समिति र समुदायलाई जिम्मेवार बनाइनेछ । NWASH को प्रतिवेदनमा प्राथमिकीकरण गरिएका खानेपानीका आयोजनालाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

२०. **लक्षित वर्गको संरक्षण, गाउँपालिकाको जिम्मेवारी** भएकाले समतामूलक, समावेशी तथा न्यायपूर्ण समाज निर्माण गर्न महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा अन्य लक्षित वर्गलाई विकासको मूल प्रवाहमा जोडिनेछ। त्यसका लागि आवश्यकता अनुसार क्षमता विकास, सशक्तिकरण, लक्षित वर्गलाई सचेतना कार्यक्रम र सहयोग तथा सम्मान जस्ता विविध कार्यक्रमहरु सञ्चालन गरी सामाजिक सुरक्षा र मानवीय संरक्षणलाई सुदृढ बनाइनेछ।

२१. जनजाति तथा दलित समुदायको सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक सशक्तीकरणका लागि नेतृत्व विकास र अधिकारमुखी कार्यक्रमहरू सञ्चालन गरी समावेशी विकासलाई प्रवर्द्धन गरिनेछ।

२२. अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्ण जीवनयापन, सामाजिक सहभागिता तथा आत्मनिर्भरता अभिवृद्धि गर्न जीविकोपार्जन, सहायता सामग्री वितरण तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

२३. जनजाति तथा दलित समुदायको भाषा, कला, संस्कृति, परम्परा तथा मौलिक पहिचानको संरक्षण, संवर्द्धन र पुस्तान्तरणका लागि संस्कृति जगेर्ना कार्यक्रम सञ्चालन गरिनेछ।

२४. तमानखोला गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सेवा प्रवाहका लागि करार सेवामा कर्मचारी पदपूर्ति गर्दा गाउँपालिकाबासी महिला, दलित र जनजातीलाई प्राथमिकता दिइनेछ । यसका लागि कर्मचारी छनौट तथा मूल्याङ्कनको मूर्त मापदण्ड तयार गर्न आवश्यक कानूनी संशोधन गरिनेछ ।

२५. सबै किसिमका जातिय र सामाजिक विभेद, महिला हिंसा, बाल हिंसा, दुर्व्यवहार, बालश्रम, मानव बेचबिखन, साइबर तथा अनलाइन जोखिमबाट समेत नागरिकहरुलाई सुरक्षित बनाउन व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । पारिवारीक तथा सामाजिक हिंसामा परेका महिलाहरुलाई कानूनी उपचार लगायत सामाजिक पुनर्स्थापनका लागि सहयोग पुऱ्याउन आवश्यक कार्यक्रम अबलम्वन गरिनेछ ।

२६. जातीय विभेद, छुवाछुत लगायत सबै प्रकारका सामाजिक विभेदको अन्त्यका लागि कानुनी सचेतना, सामाजिक संवाद तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२७. एकल महिला, विपन्न परिवार तथा आर्थिक रूपमा कमजोर समुदायलाई आयआर्जन तथा स्वरोजगारमूलक कार्यक्रममार्फत आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ।

२८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम अन्तर्गत महिला, अपांगता भएका व्यक्ति र दलित समुदायका व्यक्तिहरुलाई सीपमूलक तालिम, क्षमता अभिवृद्धि तथा सचेतमानमूलक कार्यक्रम सञ्चालन गरी शसक्तिकरण गरिनेछ ।

२९. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित, पारदर्शी र सेवाग्राहीमैत्री बनाउन सम्बन्धित सरोकारवालाहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

३०. **"उत्पादनमा आधारित अनुदान, उत्पादकलाई सम्मान"** को मर्म अनुरुप कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै किसानको आयआर्जन, रोजगारी तथा आत्मनिर्भरता प्रवर्द्धन गर्न खाद्यान्न, तरकारी, फलफूल, नगदे बाली तथा पशुजन्य उत्पादनमा उत्पादनको परिणामका आधारमा उत्पादनमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ। उन्नत प्रविधि, गुणस्तरीय बिउबिजन, कृषि सामग्री तथा कृषि यान्त्रीकरणको पहुँच विस्तारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. **"व्यावसायिक कृषि विस्तार, समृद्ध तमानखोलाको आधार"** भन्ने नारालाई मुर्तरुप दिनका लागि कृषि क्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी तथा व्यवसायिक क्षेत्रको रूपमा विकास गर्न उत्पादन, प्रशोधन, भण्डारण, प्याकेजिङ र बजारीकरणमा सहयोग गरिनेछ। उच्च मूल्यका फलफूल, मौसमी तथा बेमौसमी तरकारी, आलु तथा च्याउ खेतीको विस्तारमार्फत कृषकको आयआर्जन र रोजगारी अभिवृद्धि गरिनेछ।

३२. रासायनिक मल तथा विषादीको प्रयोगलाई क्रमशः न्यूनीकरण गर्दै जैविक कृषि प्रणालीलाई प्रवर्द्धन गरिनेछ। ट्राइकोडर्मा, जैविक मल, जैविक विषादी तथा स्थानीय स्रोतमा आधारित प्रविधिको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्दै माटो परीक्षण, माटो स्वास्थ्य सुधार तथा प्राकृतिक स्रोत संरक्षणमा जोड दिइनेछ।

३३. कृषकलाई समयमै गुणस्तरीय प्राविधिक सेवा उपलब्ध गराउन प्लान्ट क्लिनिक, कृषि प्रयोगशाला स्थापना तथा सञ्चालन गरी कृषि परामर्श सेवाको सुदृढीकरण गरिनेछ। कृषि

उत्पादन, उत्पादकत्व, आयआर्जन र रोजगारी अभिवृद्धिमार्फत गाउँपालिकाको समग्र आर्थिक विकास, खाद्य तथा पोषण सुरक्षा र समृद्धिको आधार तय गरिनेछ।

३४. स्थानीय कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई स्थानीय तथा बाह्य बजारमा उपलब्ध गराई स्थानीय उत्पादन प्रवर्द्धन, सुरक्षित भण्डारण, रोजगारी सिर्जना तथा बजारको सहज पहुँचका लागि कृषि संकलन तथा विक्रि केन्द्र र चिस्यान केन्द्रको सञ्चालन गरिनेछ ।

३५. **"पशुपन्छीको संरक्षण, मानव स्वास्थ्यको संवर्द्धन"** को मान्यता अनुसार गुणस्तरीय तथा सुलभ पशु स्वास्थ्य सेवा सुनिश्चित गर्न औषधि तथा खोप नियमित उपलब्ध गराईनेछ । पशु स्वास्थ्य सेवा सहज तथा निशुल्करुपमा प्रदान गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । पशुपन्छीजन्य रोगको रोकथाम, निगरानी तथा नियन्त्रणका लागि पशुपन्छीजन्य रोग विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. पशुपालनलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक, आधुनिक तथा आयमूलक पेशाका रूपमा विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।स्थानीयरुपमा दूध, मासु तथा अन्य पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि र बजारीकरण गरी आत्मनिर्भरतालाई प्रवर्द्धन गरिनेछ।

३७. किसानहरूको ज्ञान, सीप तथा उद्यमशीलता अभिवृद्धिका लागि तालिम, प्राविधिक परामर्श तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। पशुपालन व्यवसायमा हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणमा टेवा पुर्याउन बीमा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरी बीमा प्रिमियममा अनुदानको व्यवस्था गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

३८. स्थानीय स्रोत, सीप, प्रविधि तथा कच्चा पदार्थमा आधारित उद्यमशीलताको विकास गर्दै लघु, घरेलु तथा साना उद्योगहरूको स्थापना र विस्तार गर्न क्षमता अभिवृद्धिका लागि सीप विकास तालिम सञ्चालन गरी प्रोत्साहन गरिनेछ। समूहमा आधारित लघु उद्यमको विकास गर्न उद्यमशीलता स्तरोन्नतीका लागि सिप विकास तालिम तथा साझेदारीमा प्रविधि हस्तान्तरण गरिनेछ ।

३९. **उद्यमशीलता प्रवर्द्धन मार्फत आर्थिक समृद्धिको लक्ष्य** हासिल गर्न **सहुलियत ब्याज अनुदान** कार्यक्रम सञ्चालन गरी उद्यमी तथा व्यवसायीहरूलाई लगानी विस्तार, ऋणको भार कम गरी व्यवसायिक स्थायित्वका लागि प्रोत्साहन गरिनेछ।

४०. **"प्रकृति, संस्कृति र पर्यटन"** समृद्धिको बलियो पूर्वाधार भएकोले तमानखोला गाउँपालिकाभित्र रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गर्दै पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक विकासको महत्वपूर्ण आधारका रूपमा विकास गरिनेछ। पर्यटकीय गन्तव्यहरूको पहिचान, प्रवर्द्धन तथा पर्यटनमैत्री वातावरण निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ।

४१. गाउँपालिकाको स्थानीय मौलिक कला, संस्कृति, परम्परा, एवम् प्राकृतिक तथा धार्मिक सम्पदामा आधारित पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टे तथा पाहुना घर सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

४२. **"सुशासित सहकारी आत्मनिर्भरताको आधार भएकोले** सहकारी संस्थाहरूलाई सुशासित, उत्तरदायी, पारदर्शी र सदस्यकेन्द्रित संस्थाका रूपमा विकास गर्न सहकारी शिक्षा अभिमुखीकरण, क्षमता विकास तथा संस्थागत सुदृढीकरणका कार्यक्रम सञ्चालन गरिनेछ। घरेलु बचत, लगानी, उत्पादन तथा उद्यमशीलतामा सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरिनेछ।

४३. हालसम्म परम्परागत रुपमा सञ्चालन हुँदै आएका आरन तथा सिलाई व्यवसायलाई आधुनिकीकरण गर्दै स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न यस्ता व्यवसायलाई सामूहिकरण मार्फत औद्योगिकरण, ब्राण्डिङ तथा बजारीकरणमा सहजीकरण गरिनेछ । यसका लागि स्थानीय उपभोगमा स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

४४. बेरोजगार व्यक्तिहरुलाई विभिन्न आयोजाहरुमा काम गर्ने व्यवस्था मिलाई रोजगारी सिर्जना गरी जीविकोपार्जनमा सुधार गरिनेछ ।

४५. रोजगार, स्वरोजगार एवम् वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको तथ्याङ्कलाई व्यवस्थित गरिनेछ ।

४६. औपचारिक, अनौपचारीक र स्वरोजगार व्यक्तिहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न/गराउनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

४७. वैदेशिक रोजगारीबाट फर्किएका र श्रमशक्ति भएका बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उद्यमशीलता विकास तथा स्वरोजगार प्रवर्द्धन गरिनेछ।

४८. वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरूको लागि श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको सहजीकरण तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूको लागि कन्सुलर सेवा उपलब्ध गराईनेछ।

४९. दैनिक जीवनमा प्रयोग हुने वित्तीय स्रोत र साधनको प्रयोग सम्बन्धी ज्ञानको क्षितिज फराकिलो पार्नको लागि तमानखोलाबासीलाई वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

५०. **"हाम्रो सडक हाम्रो सहभागीता, सुरक्षित यातायात हाम्रो प्रतिवद्धता"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिकाभित्र सडक र यातायातको विकास तथा व्यवस्थापनका लागि सडक तथा यातायात गुरुयोजनालाई प्रभावकारी कार्यान्वयन गर्नुका साथै गाउँपालिका भित्रका बस्तिहरुमा सडकको स्तरोन्नती गर्दै लगिने छ ।

५१. वस्ती तथा वडाबाट गाउँपालिका केन्द्र जोड्ने अधुरा सडकहरुलाई विशेष प्राथमिकताका साथ निर्माण गरिनेछ । गाउँपालिका भित्रका प्रमुख सडकलाई कालोपत्रे गर्ने योजनाका लागि संघीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

५२. गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुलाई बाह्रै महिना संचालन योग्य बनाउन आवश्यकता अनुसार कल्भर्ट तथा मोटरेबल पुल निर्माण कार्यलाई प्राथमिकता दिईने छ।

५३. गाउँपालिकाका सम्पूर्ण वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था र सामुदायिक भवन लगायतका पूर्वाधार निर्माण कार्यलाई प्राथमिकतामा राखी आवश्यकता अनुसार संघ, प्रदेश र अन्य निकायसंग साझेदारी गरिनेछ ।

५४. तमानखोला गाउँपालिका भित्र मौलिक घर संरक्षण तथा निर्माणलाई विशेष प्राथमिकता दिइनेछ जसको लागि तमानखोला भवन मापदण्ड, २०७८ लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइनेछ।

५५. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा विपद्का कारण घरबार बिहिन भएका नागरिकहरुको पुनर्स्थापना र पुनःनिर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

५६. गाउँपालिका भित्र निर्माण हुने भवन तथा संरचनाहरु अपाङ्गमैत्री र बालमैत्री बनाइनेछ ।

५७. गाउँ क्षेत्रका सबै काठका पोललाई विस्थापित गरी फलामे पोलहरु जडान गरिनेछ । गाउँपालिकाको सबै वडाहरुमा केन्द्रिय प्रसारण लाईन विस्तारका लागि विशेष पहल गरिनेछ।

५८. तमानखोला गाउँपालिका भित्रका लघु जलविद्युत आयोजनाको मर्मत तथा स्तरोन्नतिमा सहयोग गरि स्थानीय विद्युत उत्पादनलाई प्रोत्साहन गर्दै लगिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

५९. गाउँपालिकाभित्र दिगो वातावरणीय सन्तुलन कायम गर्दै सुरक्षित, स्वच्छ, हरित र विपद् प्रतिरोधी समुदाय निर्माण गर्न वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा फोहोरमैला व्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ।

६०. प्राकृतिक तथा मानवीय कारणबाट उत्पन्न हुन सक्ने विपद्को प्रभाव न्यूनीकरण गर्न विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाइ आवश्यक राहत तथा उद्धार सामग्रीको व्यवस्थापन गरिनेछ।

६१. स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि फोहोरमैला व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाइ फोहोर सङ्कलन, वर्गीकरण, प्रशोधन तथा सुरक्षित विसर्जनलाई प्रभावकारी बनाइनेछ। फोहोरमैला व्यवस्थापनका लागि आवश्यक डम्पिङ तथा प्रशोधन केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापनमा विशेष जोड दिइनेछ। साथै वातावरणीय सचेतना अभिवृद्धि गर्दै नागरिक सहभागितामा आधारित सरसफाइ अभियानलाई निरन्तरता दिइनेछ।

**सभाका सदस्यज्यूहरु,**

६२. गाउँपालिकामा सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न गाउँपालिकामा नियमित रुपमा चौमासिक तथा वार्षिक समीक्षा गरी प्राप्त उपलब्धि, चुनौती र सिकाइका आधारमा कार्यसम्पादनलाई थप प्रभावकारी बनाइनेछ।

६३. स्थानीय शासन प्रणालीलाई जनउत्तरदायी तथा सहभागितामूलक बनाउन सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरी नागरिकबाट प्राप्त गुनासा, सुझाव तथा अपेक्षालाई नीति तथा कार्यक्रम कार्यान्वयनमा समावेश गरिनेछ।

६४. गाउँपालिकाको सेवा प्रवाहलाई जनअपेक्षा अनुकुल बनाउन कर्मचारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरी कार्यकुशलता अभिवृद्धि गर्ने नीति लिइनेछ । साथै, नागरिकलाई स्थानीय सरकारको सेवा सहज रूपमा उपलब्ध गराउन आवश्यकता अनुसार घुम्ती सेवा सञ्चालन कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. **"प्रविधिमैत्री प्रशासनः पारदर्शी, चुस्त र दुरुस्त सेवा प्रवाह"** को मान्यतालाई अवलम्वन गर्दै गाउँपालिकाको प्रशासनिक कार्यलाई थप व्यवस्थित, अनुशासित तथा प्रविधिमैत्री बनाउन कर्मचारीहरूको उपस्थितिलाई प्रभावकारीरुपमा व्यवस्थापन गर्ने उद्देश्यले गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा विद्युतीय हाजिरी प्रणाली जडान गरी सञ्चालन गरिनेछ।

६६. गाउँपालिकाको कार्यालयमा नागरिक सहायता कक्षको स्थापना गरी सेवा लिने प्रक्रियाका बारेमा बिना झन्झट जानकारी लिने/दिने व्यवस्था गरिनेछ । सेवा प्रवाहलाई सरल र सहज बनाउन आवश्यक प्रक्रिया, समयावधि तथा जिम्मेवार शाखा तथा अधिकारीबारे सेवाग्राहीलाई जानकारी प्रदान गर्न गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुको नागरिक वडापत्र व्यवस्थापन तथा अद्यावधिक गरिनेछ। स्थानीय विकास निर्माण, सेवा प्रवाह र सुशासनका सम्बन्धी विषयमा सूचना प्रवाह तथा जनताको गुनासो व्यवस्थापनका लागि हेलो तमानखोला कार्यक्रम सञ्चालन गरिनेछ ।

६७. समग्र रूपमा गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन, नागरिकमैत्री सेवा प्रवाह तथा सहभागी विकास व्यवस्थापनलाई सुदृढ गर्न आवश्यक व्यवस्था गरिनेछ।

६८. गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र नागरिकमैत्री बनाउन कर्मचारीहरूको मनोबल, व्यावसायिक दक्षता तथा कार्यउत्साह अभिवृद्धि गरिनेछ ।

६९. तमानखोला गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम कर्मचारीहरुको पदपूर्ति गरी सेवा प्रवाहलाई थप व्यवस्थित बनाईनेछ ।

७०. टोल विकास संस्था तथा उपभोक्ता समितिहरूमार्फत सञ्चालन गरिने आयोजनाहरुको प्रभावकारीता अभिवृद्धि गर्न क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी आयोजना कार्यान्वयनमा स्वामित्व र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

७१. पूर्वाधार विकासलाई गुणस्तरीय, दिगो र योजनाबद्ध बनाउन आवश्यकता अनुसार विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा वातावरणीय अध्ययन प्रतिवेदन तयारीलाई प्राथमिकता दिइनेछ।

७२. न्यायमा नागरिकको पहुँच अभिवृद्धि गर्न न्यायिक समितिको संस्थागत सुदृढीकरण, व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरिनेछ। मेलमिलाप केन्द्र तथा न्यायिक संयन्त्रलाई प्रभावकारी बनाइ स्थानीय स्तरमै विवाद समाधान प्रणालीलाई थप सुदृढ गरिनेछ।

७३. राजस्वको दायरा विस्तारका लागि राजस्व स्रोतको खोजी गरिनेछ । सामुदायिक तथा निजी वनको उत्पादनलाई राजस्वको दायरामा ल्याइनेछ । गाउँपालिकाभित्रका कृषकको व्यवसायिक उत्पादन कार्यलाई प्रोत्साहन गर्न व्यवसायिक फर्म/समुह/सहकारी बाहेक व्यक्तिगत कृषकको हकमा निश्चित कर लगाइने छ ।

प्रस्तुत नीति तथा कार्यक्रमको उपलब्धिपूर्ण र सार्थक कार्यान्वयन गाउँपालिकाको एकल प्रयासले मात्र सम्भव छैन । यस क्षेत्रमा क्रियाशील सम्पूर्ण राजनीतिक दल, सामुदायिक, निजि तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, बौद्धिक वर्ग,सहकारी तथा वित्तीय क्षेत्र, टोल विकास संस्था, युवा क्लब, आमा समूह र सचेत आम नागरिकको निरन्तरको साथ सहयोग र समर्थनले मात्र गाउँपालिको दीर्घकालीन सोच पूरा गर्न सहयोग पुग्नेछ । तसर्थ, यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाको सहयोग, सहकार्य र समन्वयको अपेक्षा व्यक्त गर्दछु।

अन्त्यमा, यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्नु हुने गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, विषयगत समितिका संयोजकहरु, कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु । त्यसै गरि नीति तथा कार्यक्रमका लागि सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, बुद्धीजिवी, विभिन्न संघ/संस्थाका प्रमुखहरु, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण आदरणीय आमाबुवा, दिदिबहिनी तथा दाजुभाई प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । धन्यवाद ।

**(जोकलाल बुढा)**
**अध्यक्ष**